Nepal Republic Media
नेपालीको पहिलो आवाज

**Nepal Republic Media Limited**
JDA Complex, Bagh Durbar, Kathmandu
P.O. Box: 19300 | Ph: +977-1-5365100
Email: admin@nepalrepublicmedia.com

NEPAL REPUBLIC MEDIA LTD.

मिति २०८२/०९/३०

श्री नेपाल स्टक एक्स्चेन्ज लि.
सिंहदरवार प्लाजा
काठमाडौं ।

<u>बिषयः **कम्पनीको पाँचौं वार्षिक साधारणसभा सम्पन्न भएको सम्बन्धमाः**</u>

यस नेपाल रिपब्लिक मिडिया लि. को पूर्व निर्धारित कार्यक्रम अनुसार आज मिति २०८२/०९/३० गते बुधबार यस कम्पनीको पाँचौं वार्षिक साधारणसभा सफलताका साथ सम्पन्न भएको ब्यहोरा त्यहाँको जानकारीका लागि अनुरोध छ ।

साथै आज सम्पन्न भएको पाँचौं वार्षिक साधारणसभाको विवरण (माईन्यूट) तथा वार्षिक प्रतिवेदनको कपी यसैसाथ संलग्न गरिएको ब्यहोरा समेत अनुरोध गरिन्छ ।

धन्यवाद ।

Manuja

मनुजा देवकोटा
(कम्पनी सचिब)

# नेपाल रिपब्लिक मिडियाको
# पाँचौं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)
# आ.व. २०८०/०८१

१. **वैधानिक सभाः**

नेपाल रिपब्लिक मिडियाको मिति २०८२ साल पुष ८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा कम्पनीको प्रबन्ध-पत्र र नियमावली बमोजिम कम्पनीको पाँचौ वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री बिनोद राज ज्ञवालीज्यूका अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको स्थान, मिति र समयः**

२.१ स्थान : अर्पण ब्याङ्क्वेट, थापागाँउ, नयाँ बानेश्वर, काठमाडौंमा ।

२.२ मितिः *२०८२ साल पुष ३० गते ।*

२.३ समय : बिहान १०:३० बजे ।

३. **सभाको सूचना प्रकाशनः**

३.१ साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुन विषयहरू सहितका विवरण खुलाई प्रथम पटक मिति २०८२ साल पुष ९ गते बुधबारको “नागरिक” राष्ट्रिय दैनिक पत्रिकामा तथा दोस्रो पटक २०८२ पुष १८ गते शुक्रबारको “नागरिक” राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

३.२ सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण (सक्षिप्त आर्थिक विवरण) तथा अन्य विवरणहरू प्रत्येक शेयरधनी महानुभावहरूको जानकारीका लागि जानकारी गराउँदै माग गरेबमोजिम ईमेल मार्फत समेत उपलब्ध हुनेगरि पठाइएको थियो ।

४. **सभाका विषय सूचीः**

क) **सामान्य प्रस्तावहरुः**

१) आ.व. २०८१/०८२ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) कम्पनीको संशोधित नियमावली बमोजिम संचालक समितिमा शेयरधनीहरुको तर्फबाट एकजना महिला सहित ४ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

ग) विविध ।

५. **उपस्थितिः**

५.१ **सञ्चालकहरूः**

१. श्री विनोद राज ज्ञवाली — अध्यक्ष

२. श्री शोभा ज्ञवाली — संचालक

३. श्री रोमनाथ घिमिरे — स्वतन्त्र संचालक

४. श्री मनुजा देवकोटा — कम्पनी सचिव

५.२ **शेयरधनीहरूको उपस्थितिः**

| बाँडफाँड भएको कुल शेयर संख्या | कुल शेयर धनी संख्या | स्वयं उपस्थिति शेयरधनी संख्या | प्रतिनिधि पत्र मार्फत उपस्थिति शेयरधनी संख्या | जम्मा उपस्थिति शेयरधनी संख्या | उपस्थिति कुल शेयर संख्या | बाँडफाँड भएको शेयर सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| ९६७५००० | १७६५९३ | ११४ | ० | ११४ | ५५५८३३ | ५५.२३% |

६. **सभाका वैधानिकताः**

६.१. पाँचौ वार्षिक साधारण सभा शुरू हुनु अघि कम्पनीका कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन २०६३, कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम यो पाँचौ वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली अनुरूप सभाका लागि आवश्यक गणपुरक संख्या माथि बुँदा नं. ५.२ मा उल्लेख भएबमोजिम पुगेको हुँदा सभा शुरु गरिएको कुरा सभालाई जानकारी दिनुभयो ।

६.२. तत्पश्चात निर्धारित विषय-सूचीका क्रमानुसार कानून बमोजिम सभा अगाडि बढयो ।

७. **सभाको अध्यक्षता र सभा सञ्चालनः**

सभाका वैधानिकता पुरा भएपछि सभाका अध्यक्षता गर्नका लागि कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री बिनोद राज ज्ञवालीज्यूलाई यस अर्पण ब्याङ्क्वेट, थापागाँउ, नयाँ बानेश्वर, काठमाडौंमा वार्षिक साधारण सभाका अध्यक्षता गरिदिन हुन कम्पनी कम्पनी सचिवले आग्रह गर्नुहुँदा अध्यक्षज्यूले सभाका अध्यक्षता गर्नुभयो र अन्य संचालक तथा पदाधिकारीहरुलाई आशन ग्रहण गराउनु भयो ।

८. **सभाको संचालन तथा प्रतिवेदन प्रस्तुतिः**

कम्पनीको पाँचौ वार्षिक साधारण सभा संचालन गर्ने क्रममा अध्यक्षज्युले विषयसुची अनूसार संचालक समितिको आ.वा. २०८१/०८२ को वार्षिक प्रतिवेदन सभामा प्रस्तूत गर्नुभयो ।

८.१ सभाका काम कारवाहीलाइ अगाडि बढाउन क्रममा सञ्चालक समितिका अध्यक्ष श्री बिनोदराज ज्ञवालीज्यूले आफ्ना मन्तव्यका मुख्य मुख्य अंश पढेर सुनाउन भयो ।

८.२ अध्यक्षका मन्तव्य प्रस्तुत भएपछि सञ्चालक समितिको वार्षिक प्रतिवेदन, उपर छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूलाई सभाका अध्यक्ष श्री बिनोदराज ज्ञवालीज्यूले आव्हान गर्नुभयो

९. **छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरू:**

कम्पनीका अध्यक्षज्यूले पेश गर्नुभएको वार्षिक उपर छलफलका लागि अध्यक्षज्यूले आमन्त्रण गर्नु भएपनि सबै शेयरधनीहरुले धन्यवाद सहित प्रतिवेदन अनुमोदन गर्नुभयो ।

१०. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्यका संक्षिप्त विवरणः**

सभामा भौतिक रुपमा उपस्थित हुनु भएको शेयरधनीहरुले ध्वनिमत सहित सहमति जनाउनु भएको थियो भने शेयरधनीहरु श्री प्रा.डा. रामजी प्रसाद पण्डित, श्री जगन्नाथ आचार्य, श्री उत्तम पाठक, श्री चन्द्रनारायण श्रेष्ठ तथा श्री निरुपमा गुप्ता लगायतका सर्वसाधारण शेयरधनीहरुले आ-आफ्नो भनाई लिखित रुपमा प्रदान गरि लाभांश वितरणका लीग आवश्यक रणनिति बनाउन र कम्पनीको खर्च कटौती लगायत हालको परिवर्तित राष्ट्रिय अवस्थामा कम्पनीले थप बलियो भएर जानुपर्ने समेतका सुझावहरु सहित सभाको सफलताको शुभकामना गर्दै सन्देश दिनु भएको थियो ।

११. **सभाका अध्यक्षज्यूको जवाफः**

साधारण सभामा भागलिन आउनभएका शेयरधनीहरुलाई धन्यवाद दिनुहुँदै उहाँले शेयरधनीले दिनु भएको सुझाव तथा सल्लाह ग्रहण गर्नुका साथै दिइएको सुझावको लागि सञ्चालक समितिका तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो । साथै, शेयरधनीहरुको कम्पनी प्रतिको लगाव एवम समर्पणबाट नै कम्पनीले अझैं उत्कृष्ट नतिजा प्रस्तुत गर्न सहयोग पुग्ने र सोलाई मार्गदर्शनको रुपमा ग्रहण गर्ने बताउनुभयो ।

१२. **प्रस्ताव तथा निर्णयहरुः**

अध्यक्ष, संचालक तथा प्रबन्ध निर्देशकज्युहरुले छलफलमा उठेका केही जिज्ञासाहरुका जवाफ दिने क्रम सकिएपछि छलफलका विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार पारित गर्ने निर्णय भयो ।

अध्यक्षले जवाफदिने क्रम सकिएपछि छलफलका विषयसूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा निम्नबमोजिम पारित गर्ने निर्णय गरियो ।

Manuja

क) सामान्य प्रस्तावहरुको छलफल तथा निर्णयः

**प्रस्ताव १): आ.व. २०८१/०८२ को साधारण सभामा प्रस्तुत भएको हुने संचालक समितिका अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।**

**निर्णयः**

प्रस्ताव नं. १ उपर छलफल गर्दा, कम्पनीको सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने प्रस्ताव अध्यक्षज्यूबाट सभामा प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट उक्त प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव २): आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने सम्बन्धमा।**

**निर्णयः**

प्रस्ताव नं. २ उपर छलफल गर्दा, कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षक चार्टडएकाउन्टेन्ट फर्म प्रधान एण्ड शाक्य एशोसियट्स, चार्टड एकाउण्टेण्ट्सको लेखा परीक्षण प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने सम्बन्धमा छलफल गर्दा आषाढ ३१, २०८२ मा समाप्त भएको गत आर्थिक वर्षको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/०८२ का नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाका अध्यक्षज्यूबाट सभा समक्ष प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो।

**प्रस्ताव ३): कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।**

**निर्णयः**

कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल गर्दा संचालक समितिबाट सिफारिश भई आए बमोजिम प्रधान एण्ड शाक्य एशोसियट्स, चार्टड एकाउण्टेण्ट्सलाई आ.व. २०८२/०८३ को लेखा परिक्षण गर्न सेवा शुल्क रू.३,००,०००/- (तीन लाख) मूल्य अभिवृद्धि कर, सहित तथा बाह्यभत्ता, स्थानिय सुविधा र यातायात खर्च बाहेक लेखा परीक्षण शुल्कदिने गरि नियुक्त गर्न प्रस्ताव स्वीकृति/अनुमोदनका लागि यस सभा समक्ष पेश गरिएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो।

**प्रस्ताव ग): कम्पनीको संशोधित नियमावली बमोजिम संचालक समितिमा शेयरधनीहरुको तर्फबाट एकजना महिला सहित ४ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा।**

**निर्णयः** क) कम्पनीको संशोधित नियमावली बमोजिम संचालक समितिमा शेयरधनीहरुको तर्फबाट एकजना महिला सहित ४ जना संचालकहरुको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन कार्यक्रम संचालन गराउन संचालक समितिबाट अधिवक्ता श्री चन्द्रमणि निरौलाज्युलाई निर्वाचन अधिकृत

Manuja

नियुक्त गरिएको थियो । कम्पनीको नियमावली तथा सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका २०८२ बमोजिम हाल कायम शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना महिला सहित ४ जना संचालकहरुको निर्वाचन प्रक्रिया संचालन गर्नका लागि निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया अगाडी बढाएको र तोकिएको मिति र समयमा उम्मेदवारी मनोनयन दर्ता गराउनका लागि तोकिएकोमा आवश्यक ४ जना महानुभावहरुले संचालक पदका लागि उम्मेदवारी मनोनयन गराएकोमा र उम्मेदवारी फिर्ता लिन तोकिएको समय भित्र मनोनयन दर्ता गर्ने कसैले पनि आफ्नो उम्मेदवारी मनोनयन फिर्ता नलिएको हुँदा अन्तिम रुपमा जम्मा निम्नबमोजिमको ४ जना शेयरधनीहरु मात्र कम्पनीको सचालक पदको लागि उम्मेदवारी दर्ता गरि मनोनयन भएको थियो ।

१. श्री शोभा ज्ञवाली, का.जि.का.म.न.पा. वडा नं १०

२. श्री मदन अर्याल, छत्रकोट - ५ गुल्मी, हाल काठमाडौं ।

३. श्री श्रीधर पोखरेल, धुर्कोट नयाँगाँउ -१ गुल्मी, हाल काठमाडौं ।

४. श्री बालकृष्ण अधिकारी, नीलकण्ठ -४, धादिङ्ग, हाल काठमाडौं ।

ख) आवश्यक संख्या ४ (चार) जना उम्मेदवारहरुको मात्र मनोनयन दर्ता भएपश्चात कम्पनीको सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका २०८२ को दफ़ा १६(१) बमोजिम संचालक पदहरुको लागि उम्मेदवारी दिनेको संख्या निर्वाचित हुनुपर्ने पद संख्या भन्दा बढी नभएकाले कम्पनीको संचालक समितिमा कम्पनीको शेयरधनीहरुको मध्येबाट निर्वाचित हुने एक महिला सहित पद संख्या ४ (चार) को लागि निर्विरोध निर्वाचित हुनु भएकोले निर्वाचन अधिकृत अधिवक्ता श्री चन्द्र मणि निरौलाज्यूले संचालक समितिको निर्वाचन हुँदा देहायको उम्मेदवारहरु संचालक पदमा कम्पनीको नियमावली तथा सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका २०८२ बमोजिम निर्विरोध निर्वाचित भएको सभा समक्ष घोषणा गर्नुभयोः

१. श्री शोभा ज्ञवाली, का.जि.का.म.न.पा. वडा नं १०

२. श्री मदन अर्याल, छत्रकोट - ५ गुल्मी

३. श्री श्रीधर पोखरेल, धुर्कोट नयाँगाँउ -१ गुल्मी

४. श्री बालकृष्ण अधिकारी, नीलकण्ठ -४, धादिङ्ग

ग) यसरी निर्वाचन अधिकृतले जानकारी गराएबमोजिम सभाध्यक्षले कम्पनीको शेयरधनीहरुको तर्फबाट चार जना संचालक पदमा निर्वाचित हुनु भएकोले निजहरुलाई संचालकमा निर्वाचित भएको घोषणा गर्नुभयो । तत्पश्चात्, निर्वाचन अधिकृत अधिवक्ता श्री चन्द्र मणि निरौलाले नवनिर्वाचित चारजना संचालकहरुलाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुका साथै सपथ ग्रहण

Manuja

Manuja

गराउनुभयो । तत्कालै सभाध्यक्षज्यूले नवनिर्वाचित संचालकहरुलाई क्रमशः मञ्चमा आसन ग्रहण गराउनु भयो ।

घ) यसैसाथ हाल नयाँ कायम संचालकहरु सहितत कम्पनी रजिष्ट्रारको कार्यालयबाट संचालक लगत अभिलेख तथा प्रमाणित गरी लिने निर्णय गरियो ।

**प्रस्ताव ख): विविध**

**निर्णयः**

सभाका अध्यक्षज्यूले यस विषयमा कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**ख.१) धन्यवाद ज्ञापनः**

छलफलको निमित्त राखिएका समान्य तथा विशेष प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले कम्पनीको उत्कृष्ट कार्य सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र पाँचौ वार्षिक साधारण सभामा सहभागी हुनुभई सभा सुचारु रूपले सञ्चालन गर्न र सफलपार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनीहरूलाई, निजका प्रतिनिधिहरुलाई सम्पूर्ण शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**ख.२) सभा बिसर्जनः**

अन्तमा दिउँसो १२:३० बजे सभाका अध्यक्षज्यूले कम्पनीको पाँचौं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

Manuja

| | |
|---|---|
| ............................. | ............................. |
| **बिनोदराज ज्ञवाली** | **मनुजा देवकोटा** |
| **अध्यक्ष** | **कम्पनी सचिव** |

NEPAL REPUBLIC MEDIA LTD.